नेपाली राजदूतावास
**Embassy of Nepal**
Brussels, Belgium

## प्रेस विज्ञप्ति

नेपाली राजदूतावास, ब्रसेल्सद्वारा बेनेलक्सस्थित नेपाली संघसंस्थाका अध्यक्ष, पदाधिकारी, बुद्धिजीवी, समाजसेवी, व्यवसायी, पत्रकार तथा शुभेच्छुकहरूसँग मिति २०८३/५/१३ गते शनिवार भर्चुअल माध्यमबाट नेपालमा भोटेकोशी-त्रिशुली नदीमा आएको भीषण बाढीका कारणले भएको जनधनको क्षति सम्बन्धमा नेपाली समुदायले गरिरहेका तथा गर्न सक्ने सहयोग विषयमा छलफल, विचार-विमर्श तथा सुझाव आदान-प्रदान कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रमको सुरुवातमा महामहिम राजदूत श्री सेवा लम्सालले बाढीमा परी ज्यान गुमाउनुभएका ज्ञात-अज्ञात सम्पूर्ण व्यक्तिहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्नुभयो। साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो।

छलफलका क्रममा महामहिमज्यूले विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकारको नीति तथा प्राथमिकताबारे अवगत गराउँदै हाल नेपाल सरकार उद्धार तथा राहतमा केन्द्रित भएर कार्य गरिरहेको जानकारी दिनुभयो। यसैगरी, उद्धार तथा राहतका लागि एकद्वार प्रणालीमार्फत् प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमार्फत् नेपाल सरकारले आर्थिक सहयोग जुटाउन आह्वान गरेको कुरा उल्लेख गर्नुभयो। यसका लागि तत्कालीन आवश्यकताअनुसार नेपाल सरकारले देशगत र संस्थागतरुपमा विभिन्न मुलुक तथा निकायहरूसँग सहयोगको लागि समन्वय गरिरहेको समेत जानकारी दिनुभयो।

साथै, विपद् प्रभावित क्षेत्र तथा पीडितहरूको नाममा सङ्कलन गरिने चन्दा तथा सहयोग रकम नेपाल सरकारको उल्लिखित कोषमा सिधै पठाउन आग्रह गर्नुभयो। यसका अतिरिक्त, विभिन्न संस्था एवम् व्यक्तिले उठाएको रकमको पारदर्शिता एवम् अभिलेखिकरणका लागि सो रकमको विवरण नेपाली राजदूतावासलाई समेत उपलब्ध गराउन अनुरोध गर्नुभयो। साथै, उल्लिखित कोषमा पठाइएको रकममा नेपाली बैङ्कहरूले कुनै प्रकारको सेवाशुल्क वा फी नलिने जानकारी गराउनुभयो।

कार्यक्रममा उपस्थित सहभागीहरूले विपद् प्रभावित क्षेत्रमा आफूहरूले गरिरहेका प्रयासको बारेमा जानकारी दिदै नेपाल सरकारलाई आर्थिक सहयोग पठाउने क्रम जारी रहेको अवगत गराउनुभयो। साथै, रकम पठाउँदा देखापरेका प्राविधिक समस्याहरूलाई समयमै सामाधान गर्न नेपाल सरकारलाई सुझाव दिदै उहाँहरूले रकम सङ्कलनमा पारदर्शीता कायम गर्ने तथा सङ्कलित रकमको अभिलेख दूतावासलाई उपलब्ध गर्न र गराउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

यसैबीच नेपाल सरकारलाई अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेमा Debit card संलग्न गर्न सुझाव दिइएकोमा उक्त सुझाव कार्यान्वयनमा आइसकेको तथा यसलाई थप सरलीकृत बनाउन नेपाल सरकार प्रयासरत रहेको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

नेपाली राजदूतावास, ब्रसेल्स
२०८३/५/१५

नेपाली राजदूतावास
ब्रसेल्स